बैठक संख्या ९८

आज मिति २०७८ साल फाल्गुण २० गतेका दिन छत्रकोट गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिकाका का.वा. अध्यक्ष श्री नर्मदा भण्डारी ज्यूको अध्यक्षतामा तपसिल अनुसार उपस्थितिमा बसी निम्नानुसारको निर्णय गरियो ।

श्री नर्मदा भण्डारी - का.वा. अध्यक्ष

श्री धातानन्द भण्डारी - सदस्य

श्री रुक बहादुर राकशकोटी -सदस्य

श्री तेजकान्त अर्याल-सदस्य

श्री डिलाराम न्यौपाने -सदस्य

श्री कृष्ण प्रसाद पन्त -सदस्य

श्री थम्मन बहादुर ज्ञवाली-सदस्य

श्री रुनमाया सिंजाली -सदस्य

श्री निर्मला झेंडी कुंवर -सदस्य

श्री कमला पोखेल ढकाल -सदस्य

श्री पुष्पा सार्की -सदस्य

श्री दुर्गा प्रसाद सुनार -सदस्य

श्री रमेश परियार -सदस्य

श्री कृष्ण प्रसाद पन्थी -सचिव

श्री सागर खनाल का.प.

श्री अमृत पच्चैया ''

श्री मण्डारी

मिति २०७८।११।२० गते बसेको कार्यपालिका बैठकको निर्णय।

प्रस्ताव नं.१ समिक्षा सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा अघिल्लो बैठकले गरेका निर्णयहरु कार्यान्वयन भएको पाईयो।

प्रस्ताव नं.२ निःशुल्क जग्गा प्राप्ति गर्ने सम्बन्धमा।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस छत्रकोट गाउँपालिकाको सभाहलको लागि जग्गादाता श्री कृष्ण बहादुर टन्डनले यस छत्रकोट गाउँपालिकाको नाममा रहेको कि.नं. १००६ सँग जोडिएको तपसिलका जग्गा निःशुल्क प्रदान गर्न मञ्जुर भएकाले उक्त जग्गा छत्रकोट गाउँपालिकाको नाममा निःशुल्क रजिष्ट्रेसन गरि ल्याउन सहमतिका लागि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | जग्गाधनीको नाम/थर | ठेगाना | कित्ता नं. | क्षेत्रफल(रोपनी) | प्राप्ति हुने जग्गा(रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर टन्डन | छत्रकोट गाउँपालिका वडा नं.३(साविक हर्दिनेटा गा.वि.स वडा नं ७) | ७७० | ९-३-०-१ | ०-९-२-२ | कि.नं.१००६ देखि पश्चिम तर्फ |
| | | | २६ | १-४-१-३ | ०-१-१-२ | उत्तर बीच भाग |
| जम्मा प्राप्त हुने जग्गा | | | | | ०-१०-३-४ | |

प्रस्ताव नं.३ रकमान्तर तथा योजनामा रकम समावेश सम्वन्धमा।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा जग्गा खरिद शिर्षकमा रहेको रु २०,००,०००।-(अक्षेरुपी बीस लाख) तपसिलमा उल्लेखित योजनाको डि.पि.आर निर्माणमा रकमान्तर गर्ने र तपसिलका योजनाहरु थप गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

१. बिरबास-कोलधारी-बर्जिया- गुन्टुङ मो.बा. डि.पि.आर -५,००,०००।-
२. गुन्टुङ-झेर्दि-सिस्ने-चन्द्रकोट मो.बा डि.पि.आर -५,००,०००।-
३. श्रृङ्गामा १५ शैयाको अस्पत्ताल डि.पि.आर -१०,००,०००।-
४. श्रृङ्गा १५ शैयाको अस्पत्तालको डि.पि.आर मा भैपरि आउने पुँजिगत खर्चवाट २ लाख थप गर्ने निर्णय गरियो।
५. हर्दिनेटा स्वास्थ्य चौकी डि.पि.आर. -४०००००।- भैपरि आउने पुँजिगत खर्चबाट छुटयाउने निर्णय गरियो।

प्रस्ताव नं.४ सशर्त र गा.पा कार्यक्रम स्वीकृत सम्बन्धमा।

निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा सशर्त तर्फका र गा.पा तर्फका तपसिलमा उल्लेखित कार्यक्रमहरु निम्नानुसार गर्ने निर्णय गरियो।

१. चिलिङ भ्याट वडा नं.४ मा निर्माण गर्ने निर्णय गरियो।

श्री मण्डारी

२. भैंसी प्रवर्द्धन कार्यक्रम वडा नं. १, ३ र ४ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. पावर टिलर निम्नानुसारको वडामा ५० प्रतिशत अनुदानमा वडाले छानेका व्यक्तिलाई दिने निर्णय गरियो ।

वडा नं. १- १२ थान

वडा नं. २- १० थान

वडा नं. ३- १२ थान

वडा नं. ४-१२ थान

वडा नं. ५- १२ थान

वडा नं. ६- १० थान

**प्र.नं.५- गेंजा पहिरो नियन्त्रण सम्बन्धमा ।**

**नि.नं.५-**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गेंजा पहिरो नियन्त्रणको काम राम प्रसाद भण्डारीको घर संरक्षणको लागि काम गर्ने निर्णय गरियो ।

**प्र.नं.६- सुन्तला पकेट कार्यक्रम सम्बन्धमा ।**

**नि.नं.६-**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सुन्तला पकेट कार्यक्रम निम्नानुसारका स्थानमा लागु गर्ने निर्णय गरियो ।

१. वडा नं. १ र २ को प्रस्तावना अनुसार स्वीकृत हुँगा र पल्लिकोट

२. वडा नं. ४ को प्रस्तावना अनुसार स्वीकृत

**प्र.नं.७- गाउँपालिका स्थापना दिवस मनाउने सम्बन्धमा ।**

**नि.नं.७-**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिका स्थापना दिवस निम्नानुसार कार्यक्रम गरी मनाउने र उक्त कार्यक्रमको लागि रु. १०००००|– (अक्षरुपी एक लाख) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

१. भजन वडा नं. १ र वडा नं. ४ बाट

२. पञ्चेबाजा वडा नं. ३ बाट

३. मारुनी नाच वडा नं. २ र वडा नं. ५ बाट

प्रति टिमको लागि रु. १००००|– (अक्षरुपी दश हजार) उपलब्ध गराउने निर्णय गरियो । अन्य आवश्यक रकम भैपरी आउने विविध कार्यक्रम खर्च शीर्षकबाट गर्ने निर्णय गरियो ।

**प्र.नं.८- स्वास्थ्य लाभको कामना सम्बन्धमा ।**

**नि.नं.८-**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा विरामी भई उपचाररत अध्यक्ष मधुकृष्ण पन्तको स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

**प्र.नं.९- आर्थिक सहायता सम्बन्धमा ।**

**नि.नं.९-**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा तपसिलमा उल्लेखित व्यक्तिहरुलाई आर्थिक सहायता स्वरुप निम्नानुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

**तपसिल**

| क्र.सं. | सहायता प्राप्त गर्नेको नाम/थर | ठेगाना | स्वास्थ्य समस्या | प्रस्तावित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हरिलाल अर्जेल | छत्रकोट-३ | मुटु रोग | ८,०००।- | |
| २ | चुरामणि अर्जेल | छत्रकोट-३ | प्रेसर | ८,०००।- | |
| ३ | सन्तोष सुनार | छत्रकोट-३ | तालु फाटेको | ७,०००।- | |
| ४ | भोज बहादुर रजाली | छत्रकोट-३ | आँखाको समस्या | ८,५००।- | |
| | | जम्मा | | ३१,५००।- | |

**प्र.नं.१०- घर निर्माण रकम सम्बन्धमा।**

**नि.नं.१०-**

प्रस्ताव नं. १० माथि छलफल गर्दा तपसिलमा उल्लेखित व्यक्तिहरुको आर्थिक अवस्था अत्यन्त दयनिय भएको र घर मर्मत नगरेमा घर भत्किन गई मानवीय क्षति समेत हुने देखिएकोले घर मर्मत गर्न निम्न रकम उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | नाम/थर | ठेगाना | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | राम बहादुर जोगी कुँवर | छत्रकोट-५ | ५०,०००।- | |
| २ | रण बहादुर दमै | छत्रकोट-2 | ५०,०००।- | |

**प्र.नं.११- टनेल खरिद सम्बन्धमा।**

**नि.नं.११-**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँपालिकाबाट स्वीकृत कार्यक्रम अनुसारको टनेल खरिद गर्दा रु.४०००।– मा नबढाई खरिद गर्न कृषि शाखाका कर्मचारीहरुलाई जिम्मा दिने निर्णय गरियो।

**प्र.नं.१२- हाते ट्याक्टर खरिद सम्बन्धमा।**

**नि.नं.१२-**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा हाते ट्याक्टर खरिद गर्न प्रति हाते ट्याक्टर कृषकहरुको लागि निम्नानुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो।

१. हाते ट्याक्टर पेट्रोल बाट चल्ने रु. २५,५००।– (५०%)

२. हाते ट्याक्टर डिजल बाट चल्ने रु. ३०,५००।– (५०%)

CamScanner